# मण्डनदेउपुर नगरपालिका

स्थानीय राजपत्र

खण्ड ४ मण्डनदेउपुर, चैत्र ५ गते, २०७७ साल संख्या १०


## भाग २

मण्डनदेउपुर नगरपालिका

# मण्डनदेउपुर नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७

नगर कार्यपालिकाबाट पारित मितिः २०७७।११।२६
प्रमाणित मितिः २०७७।१२।०४

**प्रस्तावनाः**

नेपालको संविधान २०७२ को धारा ३८ मा व्यवस्था भएको महिलाको हकको कार्यान्वयन गर्न र लैङ्गिक हिंसाबाट पिडित वा प्रभावितलाई तत्काल उद्धार, औषधी उपचार गर्न र पिडितको पुनर्स्थापना गर्ने कार्यका लागि नगरपालिकमा लैङ्गिक हिंसा निवारण कोष स्थापना गरि सो कोषबाट पिडित तथा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल, सहज एवं प्रभावकारी बनाउनका लागि लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन), नियमावली, २०६७ तथा लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा विस्तारका लागि शसर्त अनुदान रकम खर्च सम्बन्धि मापदण्ड,२०७६ को अधिन एवं स्थानिय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ ले दिएको अधिकार प्रयोग गरि मण्डदेउपुर नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७ तयार गरिएको छ ।

**१) संक्षीप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम मण्डनदेउपुर नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७ रहेको छ ।

ख) यो कार्यविधि मण्डनदेउपुर नगरपालिका नगरकार्यपालिकाबाट पारित भएको मितिबाट लागु हुनेछ ।

**२) परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "नगरपालिका" भन्नाले मण्डनदेउपुर नगरपालिकालाई सम्झनु पर्छ ।

ख) "कोष" भन्नाले दफा (३) बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ ।

ग) "पिडित" भन्नाले लैङ्गिक हिंसाबाट पिडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

घ) "घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्छ ।

ङ) "लैङ्गिक हिंसा" भन्नाले सार्वजनिक वा निजी जिवनमा लिङ्गको आधारमा कसैप्रति शारीरिक, मानसिक, यौनजन्य क्षति वा पिडा पुऱ्याउने कार्य सम्झनु पर्दछ र सो शब्दले लिङ्गको आधारमा हुने वा हुनसक्ने कुनै पनि प्रकारको

अपमानजन्य, पिडाजन्य, वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउँछ ।

च) "कोष सञ्चालन समिति" भन्नाले कार्यविधिको दफा १० बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

**३) कोषको स्थापना :**

(१) लैङ्गिक हिंसा पिडित र प्रभावितहरुको तत्काल उद्धार गर्न, राहत र पुनर्स्थापना गर्ने काम समेतका लागि मण्डनदेउपुर नगरपालिकाले एक लैङ्गिक हिंसा निवारण कोष नामको कोष खडा गर्नेछ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु जम्मा गर्न सकिनेछ :

क) संघिय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम,

ख) मण्डनदेउपुर नगरपालिकाको आन्तरिक श्रोतबाट छुट्याईएको रकम,

ग) विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था वा व्यक्तिहरुबाट सहयोग स्वरुप प्राप्त रकम,

घ) अन्य कुनै आन्तरिक तथा बाह्य श्रोतबाट प्राप्त रकम,

ङ) बैंक खातामा रहेको मौज्दातबाट प्राप्त ब्याज रकम ।

**४) कोषमा रकम जम्मा गर्ने :**

मण्डनदेउपुर नगरपालिकाले प्रत्येक वार्षिक बजेटमा व्यवस्था गरि कोषमा रकम जम्मा गर्न सक्नेछ ।

**५) कोषको उपयोग :**

(१) कोषको रकम देहाय बमोजिमका कामका लागि उपलब्ध गराउन उपयोग गरिनेछ :

क) पिडितलाई तत्काल उद्धार गर्न,

ख) पिडितलाई औषधी उपचार गर्न,

ग) पिडतलाई तत्काल उपचार गराउँदा लागेको खर्च पिडकले तत्काल व्यहोर्न नसक्ने भई अदालतको आदेश बमोजिम त्यस्तो पिडितको स्वास्थ्य उपचार गर्न,

घ) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

ङ) पिडितलाई कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोपरामर्श लगायतका सेवा प्रदान गर्न,

च) सिपमूलक तालिम प्राप्त पिडितलाई स्वरोजगार लगायतका लागि कुनै व्यवसाय स्थापना गर्न व्यवसाय स्थापना खर्च रकम अनुदानको रुपमा प्रदान गर्न,

छ) पिडित र प्रभावितलाई पुनःस्थापना गराउन,

ज) अल्पकालिन महिला सेवा केन्द्र सञ्चालनको लागि माग भई आएमा समितले आवश्यक ठानेमा आवश्यकता र औचित्यताको आधारमा सेवा केन्द्र सञ्चालनको लागि रकम प्रदान गर्न ।

झ) पिडितलाई सिपमूलक तथा स्वरोजगार सिर्जना हुने तालिम सञ्चालन गर्न,

ञ) पिडितको लागि कोष परिचालन समितिले तोके बमोजिमको अन्य काम गर्न ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कोष सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पिडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रवावित भई लागु पदार्थको दुर्व्यसनमा फसेका वा मानिसक रोगि भई सडकमा आएका व्यक्तिहरुलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**६) कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :**

कोषको रकम दफा (५) बमोजिम बाहेक अन्य कामका लागि उपयोग गर्न सकिने छैन ।

**७) राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधारः**

(१) मण्डनदेउपुर नगरपालिकाले कोष सञ्चालक समिति गठन गरि पिडित र प्रभावितलाई राहत तथा आर्थिक सहयोग प्रदान गर्नुपर्दछ ।

(२) उपदफा (१) बमोजिमको कोष सञ्चालक समितिले पिडित वा प्रभावितलाई रकम उपलब्ध गराउदाँ देहाय बमोजिमको रकमको हद र आधार लिनु पर्नेछ :

क) पिडितलाई तत्काल उद्धार, औषधी उपचार, पुनर्स्थापना वा राहत वा आर्थिक सहयोग नगरेमा गम्भिर मानविय क्षति हुने देखिएमा कोष सञ्चालक समितिले निर्णय गरि बढिमा पच्चिस हजार रुपैयाँमा नबढ्ने गरि मनासिब रकम,

ख) हिंसा पिडितले कुनै सिपमुलक तालिम प्राप्त गरि व्यवसाय सञ्चालन गर्नका लागि वस्तुगत सहयोग वा नगद अनुदान माग गरेमा व्यवसायको प्रकृति र औचित्यताको आधारमा प्रति व्यक्ति बढिमा पचास हजार रुपैयाँ ,

ग) पिडितलाई कानुनी सहायता, मनोवैज्ञनिक उपचार वा मनोविमर्श सेवाका लागि बिस हजार रुपैयाँमा नबढ्ने गरि लागेको यथार्थ खर्च,

घ) पिडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नुपर्ने भए सावर्जनिक साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन तीन सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुट्टै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँचसय रुपैयाँको दरले लागेको यथार्थ रकम,

ङ) पिडितलाई अस्पताल भर्ना गरि औषधी गर्नुपर्ने भएमा अस्पताल आउँदा जादाँ सवारी साधन प्रयोग गर्नु पर्ने भए सावर्जनिक साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन तीन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बास खर्च वापत प्रतिदिन पाँचसय रुपैयाँ र उपचार खर्च वापत लागेको यथार्थ खर्च रकम,

च) पिडितसँग कुनै बालबच्चा भए बालबच्चाका लागि पिडित सरहको खाना खर्च रकम,

छ)कोष सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति,आवश्यकता र औचित्यताको आधारमा निर्णय गरे बमोजिमको रकम ।

**८) राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :**

(१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पिडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई सम्बन्धित वडा कार्यालयको सिफारिस सहित यस नगरपालिकाको कार्यालयमा निवेदन दिनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाचँबुझ गर्दा पिडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने मनासिब आधार देखिएमा कार्यविधिको दफा (७) बमोजिम कोष सञ्चालन समितिले निर्णय गरि उपलब्ध गराउनु पर्ने छ ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाचँबुझ गर्दा पिडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने मनासिब आधार नदेखिएमा सो को जानकारी निवेदकलाई गराउनु पर्नेछ ।

**९) तत्काल रकम उपलब्ध गराउन सक्ने :**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पिडितलाई तत्काल उद्धार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग नगरेमा गम्भिर तथा मानविय क्षति हुने देखिएमा सञ्चालक समितिको संयोजकले सो प्रयोजनको लागि कोषबाट बीस हजार रुपैयाँमा नबढने गरि मनासिब रकम उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परि सञ्चालक समितिको संयोजकबाट पिडितलाई रकम उपलब्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराईएपछि बस्ने सञ्चालक समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१०) कोष सञ्चालन सिमिति गठन :**

(१) कोषको संचालन तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि एक कोष संचालन समिति रहनेछ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| (क) नगर-उपप्रमुख | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (घ) स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| (ङ) स्थानीय प्रहरी कार्यालयको प्रतिनिधि | सदस्य |
| (च) लैगिक हिंसा निवारणको क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरु मध्येबाट | |

संयोजकले मनोनित गरेको एकजना सदस्य सदस्य

(छ) महिलाबालबालिका तथा सामाजिक विकास शाखा हेर्ने कर्मचारी वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी सदस्य सचिव

**११) समितिको काम, कर्तव्य र अधिकार :**

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ .

(१) लैङ्गिक हिंसा पिडित तथा प्रभावितको उद्धार गर्ने , पुनर्स्थापना गर्ने तथा राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा कार्यक्रम तर्जुमा गर्ने ,

(२) लैङ्गिक हिंसा पिडित तथा प्रभावितको पहिचान गर्ने र वास्तविक पिडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(३) स्वीकृत कार्यक्रमका लागि कोष परिचालन गर्ने गराउने,

(४) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(५) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने ,

(६) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कामगर्ने निकायसँग समन्वय गर्ने ,

(७) समितिलाई तत्काल आवश्यक पर्ने कोषमा रहेको रकम उपयुक्त क्षेत्रमा लगानी गर्ने ,

(८) कोषमा रकम बृद्धिको लागि खोजी गर्ने ,

(९) लैङ्गिक हिंसा पिडित तथा प्रभावित सम्बन्धी अन्य काम गर्ने वा गराउने

**१२) समितिको बैठक र निर्णय :**

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको ५१ प्रतिशतभन्दा बढि सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्येबाट छानेको सदस्यले गर्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिको बैठकमा निर्णय गरी निर्धारण गर्न सकिनेछ ।

**१३) समितिको प्रशासनिक खर्च :**

समितिको प्रशासनिक खर्च कोषमा जम्मा भएको रकम र सो कोषबाट प्राप्त व्याज रकमको १० प्रतिशत भन्दा बढी हुने छैन ।

**१४) खाता सञ्चालन :**

(१) कोषको रकम समितिको निर्णय बमोजिम कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ

**१५) कोषको लेखा र लेखा परिक्षण :**

कोषको लेखा र लेखा परिक्षण नगरपालिकाले अपनाएको लेखा प्रणाली र लेखा परिक्षण प्रक्रिया बमोजिम हुनेछ .

**१६) कोषको रकम फ्रिज नहुने :**

कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्य सम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुनेछैन ।

**१७) प्रतिबेदन पेश गर्ने :**

(१) समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिबेदन आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र नगरकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले पेश गरेको प्रतिवेदन नगरकार्यपालिकाले सार्वजनिक गर्ने छ ।

**१८) बैठक भत्ता :**

समितिका संयोजक र सदस्यले समितिको बैठकमा भाग लिए वापत नगर कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता पाउनेछन ।

**१९) कोषको सचिवालय** : कोषको सचिवालय नगरकार्यपालिकाको कार्यालयमा रहनेछ ।

**२०) अभिलेख राख्ने** : समितिले आफुले गरेका कामको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

**२१) निर्देशन दिन सक्ने :**

(१) नगरकार्यपालिकाले समितिको कामकारबाहीको सन्दर्भमा समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरकार्यपालिकाले दिएको निर्देशन पालनागर्नु समितिको कर्तव्य हुनेछ ।

आज्ञाले,<br>
प्रणराज न्यौपाने<br>
प्रमुख प्रशासकीय अधिकृत